# राष्ट्रिय सूचना आयोग

का. म. न. पा.-१०, बानेश्वर, देवीनगर


# राष्ट्रिय सूचना दिवसका अवसरमा प्रेषित प्रेस विज्ञप्ति

नेपालको अन्तरिम संविधानले लोकतान्त्रिक व्यवस्थाको मर्म अनुरुप अत्यन्त महत्वपूर्ण रहेको नागरिकको सार्वजनिक निकायहरूबाट सूचना माग्ने र पाउने हकसम्बन्धी व्यवस्था गरेकोमा सो हकको संरक्षण र प्रचलन गर्न गराउन सूचनाको हकसम्बन्धी ऐन, २०६४ साल साउन ५ गते प्रमाणिकरण भएको थियो। प्रमाणिकरण भएको ३० सौं दिन भदौ ३ गतेवाट उक्त ऐन प्रारम्भ भएकोले भदौ ३ गतेलाई राष्ट्रिय सूचना दिवसका रुपमा मनाउने गरिएको छ।

कोरोना महामारीको यस भयावह अवस्थामा यस वर्ष राष्ट्रिय सूचना दिवस औपचारिक रुपमा मनाउने अवस्था रहेन। तर सूचनाको हकको महत्व र सान्दर्भिकता यस महामारीका बेलामा झन थप हुँदै गएको छ। लामो लकडाउनको अवधिबाट केहि खुकुलो भएको समयमा कोरोनाबाट संक्रमित र मृत्यु हुनेहरूको संख्या दिनानुदिन बढ्दै जाँदा नागरिकहरूमा थप सन्त्रास फैलिएको छ। यसबाट जोगिएर बस्न र जीवन निर्वाहका लागि केहि न केहि गर्न पर्ने अवस्थामा नागरिकहरू रहेका छन्।

सूचनाको हकको संरक्षण, संबर्द्धन र प्रचलन गर्न गराउन स्थापित राष्ट्रिय सूचना आयोगले सूचनाको हकलाई संघदेखि स्थानीय तह सम्मका सार्वजनिक निकाय, नागरिक तथा सूचनाको हकका अभियन्तासम्म पुऱ्याउने तथा सूचनाको हक सम्बन्धी कानूनी व्यवस्थाको पालना गर्न गराउन उत्प्रेरित गराउने गरेको छ। नेपालको संविधानले तीन तहको शासकीय संरचनाको व्यवस्था गरे बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा संशोधन गरी प्रदेश तथा स्थानीय तहमा रहेका सार्बजनिक निकायहरूलाई पनि यसको कार्यक्षेत्रभित्र परेपश्चात् यसरी प्रदेश तथा स्थानीय तहमा गठन हुने सार्बजनिक निकायहरूमा सूचनाको हकको प्रभावकारी कार्यान्वयन गराई संविधानले कायम गरेको सार्वजनिक निकायमा हने सूचनामा सर्वसाधारण नागरिकको पहुँच पुऱ्याई सुशासनको अनुभूति दिनुपर्ने चुनौती थपिएको छ। यी यस्तै चुनौती तथा अवसरको सदुपयोग गर्दै सूचनाको हक कार्यान्वयनमा उल्लेखनीय योगदान पुऱ्याउन आयोग आगामी पञ्चवर्षीय रणनीतिक योजनाको तयारीमा लागेको छ।

यसै क्रममा आयोगले कोरोना महामारी नेपालमा पनि प्रवेश गर्न सक्ने सम्भावनालाई ध्यानमा राखी २०७६ माघ १९ गते कोरोनाका विषयमा सबै नेपालीले बुझ्ने भाषामा सूचना प्रचार प्रसार गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवका नाममा दिएको आदेश, कोरोनाका कारण संक्रमित तथा मृतकको विवरण दिँदा व्यक्तिगत सूचनाको गोप्यता कायम गर्दै थप स्पष्ट वा द्विविधा नहुने गरी विवरण सार्वजनिक गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवका नाममा दिएको आदेश, कोरोना महामारीका लागि सार्बजनिक निकायहरूबाट भएका कार्यहरू तथा खर्च लगायतका विषयमा स्वत: सार्बजनिक गर्दै जान संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहलाई दिइएको १६ बुंदे निर्देशन, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई मल तथा कृषि सम्बन्धीत सामग्रीहरू उपलब्ध हुने विषयका सूचना उपलव्ध गराउन भएको आदेश र संघीय संसदको राष्ट्रिय सभा र प्रतिनिधिसभाका समितिहरूबाट नयाँ निर्माण हुने तथा संशोधन हुने कानूनमा

कुनै पनि प्रकारको गोपनीयता रहने प्रावधान हुने गरी कानून निर्माण नगराउने व्यवस्था हुन उक्त समितिहरूलाई अनुरोध गरेको छ ।

यसैगरी आयोगद्वारा प्रत्येक बर्ष प्रदान गरिँदै आएको सूचनाको हकको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने अभियन्तालाई प्रदान गरिने पुरस्कारलाई राष्ट्रिय सूचना आयोगका पहिलो प्रमुख सूचना आयुक्त स्व. विनयकुमार कसजूले सूचना आयोग तथा सूचनाको हकको प्रबर्द्धनमा उल्लेखनीय योगदान गरेकोले कदरस्वरुप उहाँको नाममा 'विनय कसजू पुरस्कार' नामाकरण गरिएको छ ।

सूचनाको हकको कार्यन्वयन गर्न गराउन राजनैतिक दल, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सबै सार्वजनिक निकायहरूको प्रतिवद्धता अपरिहार्य छ । यस अवसरमा संवैधानिक रुपमा स्थापित भएको सूचनाको हकको सम्मान गर्दै सबै सार्बजनिक निकायहरूले सूचनाको हकसम्बन्धी कानूनी व्यवस्थाको पालना गर्न गराउन यस दिवसले महत्वपुर्ण भुमिका खेल्नेछ भन्ने विश्वास यस आयोगले गरेको छ ।

सूचनाको हकसम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था कायम गर्न गराउन अत्यन्त महत्वपुर्ण भूमिका निर्वाह गरेका सूचनाको हकसम्बन्धी अभियन्ता, नागरिक समाज, सञ्चारकर्मी, गैरसरकारी संस्थाहरूमा यस दिवसका अवसरमा थप योगदानको अपेक्षा सहित आयोग आभार प्रकट गर्दछ ।

यस आयोग यस दिवसका अवसरमा आगामी दिनमा थप उत्साह र प्रतिवद्धताका साथ सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्न गराउन सबै सरोकारवालाहरू सँगसँगै हातेमालो गर्दै थप कृयाशील हुने विश्वास दिलाउन चाहन्छ । आयोगको कार्यमा सदा साथ दिनुहुने सबैप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि सदा झैं साथ र सहयोग प्राप्त हुने अपेक्षा आयोगले गरेको छ । राष्ट्रिय सूचना दिवसको यो महत्वपुर्ण अवसरमा आयोग सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछ ।

२०७७ भदौ ३, बुधवार

कमला ओली थापा

प्रवक्ता एवं आयुक्त


फोन नं: ०१४४६४४१२, ०१४४९६५४४ फ्याक्स: ०१४४९६५४५, ईमेल: info@nic.gov.npवेबसाईट: www.nic.gov.np